सूचना ११

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Human Development Community Services ललितपुरद्वारा सञ्चालित लमजुङ्ग जिल्ला सामुदायिक अस्पताल, लमजुङ्ग र चौरजहारी अस्पताल, रुकुमका लागि AmeriCares Foundation, Inc., U.S.A. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १०,०००.०० (दश हजार) मूल्य बराबरको औषधि, स्वास्थ्य सामग्री/उपकरण आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगायतका अन्य कर, शुल्क पूर्ण रुपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना १२

नेपाल सरकारले आर्थिक ऐन, २०६८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी जनस्वास्थ्य सरोकार ट्रष्ट, काठमाडौंद्वारा सञ्चालित कार्यक्रमका लागि Globus Relief, U.S.A. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ५,१३०.०० (पाँच हजार एक सय तीस) मूल्य बराबरका स्वास्थ्य सामग्री आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी सबै कर, महसुल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**

**मणिराम ओझा**

**सहसचिव**

**नेपाल सरकार**

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## सूचना

नेपाल सरकारले निजामती सेवा नियमावली, २०५० को नियम १२७ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी सोही नियमको उपनियम (१) बमोजिमको सम्वद्धता निर्धारण समितिद्वारा बढुवा प्रयोजनको लागि निजामती कर्मचारीले हासिल गरेका देहायका शैक्षिक संस्थाका देहायका शैक्षिक उपाधिलाई देहाय बमोजिमको सेवा, समूह तथा उपसमूहसंग सम्बद्धता गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।